अनुसूची( २

(दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

**खण्डः०२ संख्याः०२ मितिः २०७६/०३/२९**

**भाग–१**

**विराटनगर महानगरपालिका**

# विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६

आज्ञाले,

एकदेव अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

# विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६

**प्रमाणिकरण मिति २०७६।०३।२९**

**प्रस्तावना**

सर्वसाधारण जनताको सदाचार, शिष्टाचार, नैतिकता तथा इमान्दारिता कायम गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनशक्ति तयार गर्न विराटनगर महानगरपालिकाभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूको प्रभावकारी सञ्चालन व्यवस्थापन र नियमन गरी विद्यालय शिक्षाको गुणस्तर सुधार गरी जीवनोपयोगी तथा गुणस्तरीय शिक्षाको सुनिश्चतता गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२१, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत र माध्यमिक शिक्षाको व्यवस्था गर्न नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** यस ऐनको नाम “विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६” रहेको छ।

**२. यो ऐन विराटनगर महानगरपालिका क्षेत्र भित्र लागुहुने छ।**

**३. यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।**

**४.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “महानगरपालिका” भन्नाले विराटनगर महानगरपालिका र “कार्यपालिका” भन्नाले विराटनगर महानगरपालिको नगरकार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) “प्रारम्भिक बालविकास शिक्षा” भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनुपर्छ ।

(ग) “प्राथमिक शिक्षा” भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक वालविकास शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ङ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(च) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा,अटिज्म,बौद्धिक अपांगता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपांगता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(छ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ

(१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ,

(२) सामाजिक,आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(ज) "सभा" भन्नाले विराटनगर महानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार वा महानगरपलिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ञ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार वा महानगरपलिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ट) "आधारभूत विद्यालय" भन्नाले प्रारम्भिक बालविकास शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(ठ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ड) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालय सम्झनुपर्छ ।

(ढ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ण) “कर्मचारी” भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(त) “अभिभावक” भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भनि विद्यालयका अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १६ को प्रयोजनका लागि विद्यार्थीका बाबु, आमा, बाजे वा बजै र त्यस्ता अभिभावक नभएका विद्यार्थीका हकमा त्यस्ता विद्यार्थीलाइ संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

(थ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(द) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(ध) “आधारभूत शिक्षा उत्तीर्ण परीक्षा” भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(न) “अनुमति” भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) “स्वीकृति” भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाँउछ ।

(फ) “स्थायी आवासीय अनुमति” भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनुपर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ब) “आयोग” भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(भ) “प्रमुख” भन्नाले विराटनगर महानगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(म) “प्रमख प्रशासकीय अधिकृत” भन्नाले विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(य) “नगर शिक्षा अधिकारी” भन्नाले विराटनगर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाको प्रमुख (अधिकृतस्तर नवौं वा दशौं) वा प्रमुखको कामकाज गर्न तोकिएको शिक्षा प्रशासनको अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्छ ।

(र ) “नगर शिक्षा समिति” भन्नाले “विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७८” को दफा १०(१) बमोजिमको शिक्षा समितिलाई सम्झनु पर्छ ।

(ल) “सङ्घीय शिक्षा ऐन” भन्नाले सङ्घीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(व) “शिक्षक किताबखाना” भन्नाले सङ्घीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(श ) “निरीक्षक” भन्नाले विद्यालय सुपरीवेक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृतसम्झनु पर्छ ।

(ष ) “मन्त्रालय” भन्नाले संङ्घीय सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(स ) “प्रदेश ” भन्नाले प्रदेश न. १ लाई सम्झनु पर्छ ।

**५. विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) कुनै नेपाली नागरिकले शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा महानगरपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालन गरेको देखिएमा नगर शिक्षा समितिले स्वीकृति प्रदान गर्नेछ ।

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७८

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय

(७) पूर्वप्राथमिक विद्यालय, मन्टेश्वरी, भाषा, कक्षा, कोचिङ, प्रशिक्षण जस्ता शैक्षिक संस्थाको सञ्चालन र व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(८) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ ः

क. शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक बोर्ड (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

ख. शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) मा सार्वजनिक गुठी भए कम्तिमा पाँचजना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने,

ग. शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने,

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७८

घ. शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक बोर्ड (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा महानगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनुपर्ने विषय, पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

(११) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन

तर विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने सम्बन्धमा मन्त्रालयसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिश भएमा मन्त्रालयले शर्त तोकी महानगरपालिकाभित्र विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ । त्यसरी विद्यालय खोल्न महानगरपालिकाको पूर्वस्वीकृति लिइ मन्त्रालयसमक्ष निवेदन दिन सकिनेछ ।

(१२) उपदफा (११) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सम्बन्धमा यस ऐन बमोजिमको अन्य व्यवस्था लागु हुने छैन ।

(१३) सुधार गृहमा विद्यालय सञ्चालनको अनुमति र सञ्चालन ः (१) महानगरभित्रको सुधार गृहमा रहेका बालबालिकाहरूको विद्यालय शिक्षाको व्यवस्थापन गर्न विशेष प्रकारको सामुदायिक विद्यालय सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिने छ । यसरी अनुमती माग भइ आएमा आवश्यकता र औचित्यको आधारमा एक पटकमा एक कक्षा वा सो भन्दा बढि कक्षा वा तह सञ्चालनको अनुमति प्रदान गर्न सकिने छ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(१४) उपदफा (१३) बमोजिम सुधार गृहमा सञ्चालन हुने विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारी व्यवस्थापन र परीक्षा सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(१५) उपदफा (११) र (१३) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले शर्त बमोजिम विद्यालय सञ्चालन नगरेमा महानगरपालिकाले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

**६. विद्यालयको सञ्चालन** ः विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**७. शिक्षाको माध्यम** ः (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ ः

(क) प्राथमिक शिक्षा (कक्षा १ देखि ५ सम्म) मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक** ः (१) विद्यालयले सङ्घीय सरकार, प्रदेश सरकार र महानगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(२) महानगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकिए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न उपदफा (१) ले बाधा पु¥याएको मानिने छैन।

(३) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था सङ्घीय कानून, प्रदेश कानूनमा व्यवस्थाभए बमोजिम वा तोकिए बमोजिम हुनेछ।

**९. कार्यपालिकाको काम, कर्तव्य र अधिकार** ः (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ः

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६

(क) महानगरपालिकाको शैक्षिक नीति तर्जुमा गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने तथा शैक्षिक नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा नगर शिक्षा अधिकारीलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ग) शिक्षक विद्यार्थी अनुपात मिलाउने र शैक्षिक गुणस्तर कायम गर्न आचारसंहिता बनाई लागू गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकास सम्बन्धी कार्य योजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने ,

(ङ) शिक्षा सम्वन्धी कानून बमोजिमको ब्यवस्थाहरूको कार्यान्वयन गर्न शिक्षा समितिलाई निर्देशन दिने,

(च) समय समयमा महानगरपालिकाभित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराइ अपेक्षित गुणस्तर कायमगर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ज) यस ऐनको परिधिभित्र आवश्यक विषयगत क्षेत्रहरूको मापदण्ड बनाउने,

(झ) अनौपचारिक शिक्षा, वैकल्पिक शिक्षा, विशेष शिक्षा, खुला तथा दूर–शिक्षा सम्बन्धी मापदण्ड बनाई लागु गर्ने, गराउने,

(ट) शिक्षा सम्बन्धी ऐन जारी एवम् संशोधन गर्न विधेयक सभामा पेश गर्ने तथा यस ऐन बमोजिम नियमावली जारी गर्ने,

(ठ) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,

(ड) यस ऐनमा कार्यपालिकाले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नु पर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्र–छात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, शर्त एवम् पारिश्रमिक जस्ता विषयमा निर्णयगर्दा सामान्यतः संस्थागत विद्यालयहरूको सङ्गठनको सहभागिता एवम् राय परामर्श लिन सकिनेछ ।

**१०. नगर शिक्षा समिति** ः (१) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागिदेहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ः

(क) प्रमुख, महानगरपालिका — अध्यक्ष

(ख ) उपप्रमुख, महानगरपालिका — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, — सदस्य

(घ) महानगरपालिकाको सामाजिक विकास समितिको संयोजक — सदस्य

(ङ) महानगर कार्यपालिकाका सदस्यहरू मध्येबाट महिलाको प्रतिनिधत्व हुनेगरी नगर प्रमुखले तोकेको एक जना – सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(छ) सामुदायिक विद्यालयका प्र.अ. मध्ये नगर शिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

(ज) संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना– सदस्य

(झ) महानगरपालिका भित्रका प्राज्ञिक र विद्वत वर्गबाट नगर शिक्षा समितिले मनोनित एक जना – सदस्य

विराटनगर महानगरपालिका, शिक्षा ऐन २०७८

(ञ) स्थानीय सामुदायिक संस्था, गैरसरकारी संस्था वा शिक्षाक्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(ट) शिक्षक महासंङ्घको महानगर समितिको अध्यक्ष वा निजले तोकेको महानगर समितिको सचिव एकजना सदस्य

(ठ ) महानगरपालिका स्तरीय सामुदयिक विद्यालय अभिभावक महासङ्घको अध्यक्ष –सदस्य

(ड) नगर शिक्षा अधिकारी – सदस्य–सचिव

(२) समितिमा मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यहरूले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकैबखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) समितिले धार्मिक विद्यालयका प्रमुख, प्रवुद्ध व्यक्ति, विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्यर अधिकार ः प्रचलित कानून बमोजिम अन्यत्र लेखिएको अतिरिक्त देहाय बमोजिम हुनेछः–

(क) महानगरपालिकाको शैक्षिक नीति तथा योजना तर्जुमा गर्ने गराउने,

(ख) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ग) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइराख्ने,

(घ) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइ राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(ङ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँडगर्ने,

(च) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(छ) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको निरीक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक ,व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(ज) विशेषज्ञहरूको समूह तयार गरी विद्यालयहरूको भौतिक र प्राज्ञिक पक्षको परीक्षण र अडिट गराउने र प्राप्त प्रतिवेदनलाई विद्यालय तहमा कार्यान्वयन गर्ने गराउने

(झ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ञ) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागिसहयोग गर्ने,

(ट) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने तथा यसका लागि वडा शिक्षासमितिलाई महानगरपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ताजनशक्तिलाई स्वयम् सेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ठ) शिक्षकको उच्च कार्यदक्षता र विद्यार्थी सिकाइ उपलब्धिमा गरेको सुधारका आधारमा पुरस्कारको व्यवस्थागर्ने,

(ड) सामुदायिक विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ढ) विद्यालयहरूको नगरस्तरीय खेलकूद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन गराउने र सो का लागि आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ण) महानगर क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

विराटनगर महानगरपालिका, शिक्षा ऐन २०७८

(त) महानगर क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(थ) विद्यालयहरूको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणकालागि कार्ययोजना तयार गर्ने,

(द) विद्यालय शिक्षामा सुधारका लागि अर्थिक सहयोग गर्ने अभिभावक तथा अन्य सङ्घ संस्थालाई अभिप्रेरित गर्ने,

(ध) महानगर भित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(न) विद्यालयका शिक्षक, कर्मचारीहरूको विवरण अद्यावधिक गराउने, रिक्त दरवन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(प) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारवाहीको लागि समितिको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारवाही गर्ने, गराउने,

तर कुनै शिक्षक वा कर्मचारीलाई यस बमोजिम कारवाही गर्नु पूर्व आफ्नो तर्फबाट सफाइको मौका पेश गर्नबाट बञ्चित गरीने छैन ।

(फ) महानगरको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(ब) विद्यालय नक्साङ्कन, सेवा क्षेत्र निर्धारण तथा विद्यालय समायोजन सम्वन्धि कार्यगर्ने,

(भ) महानगर क्षेत्रभित्र सञ्चालित कोचिङ् कक्षा, विद्यार्थी आवास गृह, भाषा प्रशिक्षण, तथा तालिम केन्द्र र शैक्षिक परामर्श केन्दको सञ्चालन अनुमती ,व्यवस्थापन तथा नियमन गर्ने ।

(म) महानगरको शिक्षा नीति, ऐन तथा नियमावली बमोजिम आवश्यक निर्देशिका तथा मापदण्डहरू निर्धारण गर्ने,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७८

(य) सामुदायिक विद्यालयमा दरवन्दी निर्धारण तथा मिलान सम्वन्धी काम गर्ने,

(र) विद्यालय शिक्षा विकासका लागि आवश्यक नीति ,योजना तथा कार्यक्रम निर्धारण गर्न राय सुझावका लागि नगर प्रमुखको संयोजकत्वमा महानगर शिक्षा परिषदको गठन गर्ने ,

(ल) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

( ५) नगर शिक्षा समितिको बैठक ः

(क) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ ।

(ख) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(ग) वैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) नगर शिक्षा समितिको बैठकभत्ता कार्यपालिका सरह हुनेछ ।

(७) वैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय बहुमतको आधारमा हुनेछ .

**११. वडा शिक्षा समिति** ः (१) वडाभित्रका विद्यालयहरूको व्यवस्थापन, रेखदेख, समन्वय र नगर शिक्षा नीतिलाई वडामा कार्यनन्वय गर्न प्रत्येक वडामा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ ।

(क) वडा अध्यक्ष – अध्यक्ष

(ख) वडाको महिला र दलित सदस्य मध्ये वडा अध्यक्षले तोकेको एक जना सदस्य

(ग) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट उच्चतहको विद्यालयको जेष्ठ प्र.अ. एक जना ः सदस्य

(घ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट वडा शिक्षा समितिले मनोनित गरेको एकजना ः सदस्य

(ङ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट वडा शिक्षासमितिले मनोनित गरेको एक जना ः सदस्य

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(च) वडा भित्रका सामुदायिक विद्यालयका शिक्षक अभिभावक सङ्घको अध्यक्ष मध्ये वडा शिक्षा समितिले मनोनित एकजना ः सदस्य

(छ) वडाको प्रशासकीय काम गर्न तोकिएको अधिकृत वा निजको काम गर्न तोकिएको कर्मचारी ः सदस्य–सचिव

(२) समितिमा मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अघिनिजलाई आफ्नो सफाई पेशगर्ने मौकाबाट बन्चित गरिने छैन ।

(३) समितिले वडाका धार्मिक विद्यालयका प्रमुख, प्रवुद्ध व्यक्ति, विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्नसक्नेछ ।

(४) वैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) वैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने वैठकको निर्णय बहुमतको आधारमाहुनेछ ।.

(६) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार ः वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः–

(क) नयाँ विद्यालय खोल्ने अनुमतिको निवेदनसाथ प्राप्त कागजात र स्थलगत अवस्था जाँचबुझ गरी औचित्य सहित सक्कल कागजात महानगरपालिकामा सिफारिस गर्ने,

(ख) वडा भित्र सञ्चालित विद्यालय बन्द गर्न, गाभ्न तथा कक्षा थपका लागि सिफारिस गर्ने,

(ग) वडामा अनौपचारिक शिक्षाको कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने,

(घ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,

विराटनगर महानगरपालिका, शिक्षा शाखा, २०७८

(ङ) विद्यालय नक्साङ्कन (स्कुल जोनिङ) को पूर्वाधार सहित विद्यालयभर्ना नभएका बालबालिकाको विवरण अध्यावधिक गर्ने,

(च) नगर शिक्षा नीतिलाई वडामा कार्यान्वयन गर्ने आवश्यक कार्य गर्ने ,

(छ) महानगरपालिका र नगर शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित अन्य कार्य गर्ने,

**१२. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार** ः यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख र नगर शिक्षा समितिको प्रत्यक्ष मातहतमा रही प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) शिक्षालाई मौलिक हकको रूपमा कार्यान्वयन गर्ने महानगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवम् अनुगमन गर्ने गराउने,

(ख) महानगरपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) कार्यपालिका तथा नगर शिक्षा समितिले प्रत्यायोजन गरेका शिक्षासम्बन्धी कार्य गर्ने,

(घ) शैक्षिक गुणस्तर अभिवृद्धि तथा उच्च शैक्षिक उपलव्धिका लागि नगर शिक्षा अधिकारीसँग कार्यसम्पादन करार गर्ने,

(ङ) विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने ।

**१३. शैक्षिक प्रशासन महाशाखा** ः (१) महानगरपालिकामा शिक्षा प्रशासन सम्वन्धी काम गर्न शैक्षिक प्रशासन महाशाखा रहने छ ।

(२) उपदफा (१) बमोजिमको शैक्षिक प्रशासन महाशाखाको प्रमुखका रूपमा नगर शिक्षा अधिकारी रहनेछ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(३) नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार ः यस ऐनमा अन्यत्रलेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख, नगर शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रही नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमहुनेछ ः

(क) महानगरपालिका भित्र शिक्षा सम्वन्धी संघीय, प्रादेशिक र स्थानीय सरकारले पारित गरेका शैक्षिक नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(ख) शिक्षा सम्बन्धी महानगरस्तरीय योजना वनाइ नगर शिक्षा समितिबाट पारित गराइ कार्यान्वयन गर्ने गराउने,

(ग) महानगरपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि, अवस्था एवम् प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थिति प्रतिवेदन तयार गरी प्रत्येक आर्थिक वर्षको अन्त्यसम्ममा प्रकाशित गर्ने,

(घ) अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा सम्बन्धी स्वीकृत कार्यक्रम सञ्चालन गर्ने तथा सोको अभिलेख तयार गर्ने,

(ङ) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई विद्यार्थी सङ्ख्या बढि भएको अर्को सामुदायिक विद्यालयमा सरुवा गर्न शिक्षा समितिमा सिफारिस गर्ने,

(च) यो ऐन र यसको नियमावली बमोजीम विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरीवेक्षण गरी र गराई त्यसको प्रतिवेदन तयार गर्ने,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि वडा शिक्षा समिति तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू, प्रधानाध्यापक, शिक्षक, कर्मचारीका लागि समय समयमा बैठक, गोष्ठी ,तालिम आदि सञ्चालन गर्ने गराउने ,

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको संयोजक भइ कार्य गर्ने,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७८

(झ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाइ जाँच गराउने, विद्यालयमा शिक्षाको गुणस्तर बृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(ञ) यस ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा यो ऐन तथा यसको नियमावली बमोजिम विद्यालय सञ्चालन गर्न विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई आवश्यक निर्देशन दिने र शिक्षाको गुणस्तर सुधार गर्ने कार्य गर्ने ,

(ट) आधारभूत तथा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिस्ट्रेसन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(ठ) आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारिस भईआएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,

(ड) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ढ) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी वा गर्न लगाई त्यसको विवरण आयोगमा पठाउने,

(ण) विद्यालय र प्रारम्भिक बाल–शिक्षा केन्द्रको निरीक्षण गर्ने÷गराउने,

(त) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने, शिक्षक तालिम तथा अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने,

(थ) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(द) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक–सत्रको शुरुमा मिलान गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(ध) शिक्षा प्रशासनका शाखा अधिकृतलाई विद्यालय निरीक्षणको सूचक वनाई निरीक्षण गर्न पठाउने र निरीक्षणमा खटिएका शाखा अधिकृतले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(न) महानगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(प) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(फ) विद्यालयमा लागु गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री र निःशुल्क पाठ्यपुस्तकका सम्वन्धमा सम्वन्धित निकायमा आवश्यक सुझाव पठाउने ,

(ब) विद्यालयको लेखापरीक्षक नियुक्ति गर्ने तथा लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फर्छ्यौट गर्न लगाउने,

(भ) सरकारी तथा गैर सरकारी शैक्षिक परियोजनाहरूको समन्वय तथा निरीक्षण गर्ने,

(म) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(य) विद्यालयको शैक्षिक योजना तथा कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(र) शिक्षा प्रशासनका शाखा अधिकृतको कामको अनुगमन, सुपरीवेक्षण गरी निजहरूबाट प्राप्त निरीक्षण प्रतिवेदनउपर कारवाही गर्ने,

(ल) शिक्षकलाई तालिमका लागि सम्वन्धि निकायमा सिफारिस गर्ने तथा माग भए बामोजिम सहभागी हुन पठाउने,

(व) नगर शिक्षक अभिभावक महासङ्घ, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङंघ गठन गर्ने गराउने,

(श) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने,

(ष) विद्यालयका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियुक्ति तथा सरुवा सम्बन्धमा नगर शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने गराउने,

(स) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई पुरस्कार तथा दण्ड दिन नगर शिक्षा समितिको निर्णयानुसार कार्यपालिका समक्ष पेश गर्ने,

(ह) संस्थागत, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र आवश्यक नियमन गर्ने ,गराउने,

(क्ष) शिक्षा प्रशासनका शाखा अधिकृत तथा प्रधानाध्यापकहरूको कार्यसम्पादन करार गर्ने,

(त्र) महानगर क्षेत्र भित्र सञ्चालित कोचिङ कक्षा, विद्यार्थी आबास गृह, भाषा प्रशिक्षण तथा तालिम केन्द्रहरू र शैक्षिक परामर्श केन्दहरूको निरीक्षण, अनुगमन तथा नियमन गर्ने,

(ज्ञ) नगर सभा, कार्यपालिका, नगर शिक्षा समिति, प्रमुख, प्रमुख प्रकाशकीय अधिकृत, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षासँग सम्बन्धित आयोगहरूबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने ।

**१४. शैक्षिक प्रशासन महाशाखाका शिक्षा सेवाका शाखा अधिकृतको काम, कर्तव्य र अधिकार** ः शैक्षिक प्रशासन महाशाखाका शिक्षा सेवाका शाखा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१५. परीक्षा सञ्चालन तथा समन्वय समिति** (१) महानगरपालिकाका विद्यालयहरूमा परीक्षा सञ्चालन तथा समन्वयका लागि एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको गठन र काम, कर्तव्य तथा अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) आधारभूत तहको अन्त्यमा सञ्चालन हुने परीक्षा उपनियम (१) बमोजिमको समितिले सञ्चालन गर्नेछ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७८

**१६. विद्यालय व्यवस्थापन समिति** ः (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ः

(क) अभिभावकहरूले आफूहरू मध्येबाट छानी पठाएका दुई जना महिला सहित चारजना – सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा समितिको सदस्य एकजना – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दाबढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना – सदस्य

(घ) विद्यालयका शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना – सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक – सदस्य–सचिव

(२) प्राविधिक र व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य सङ्घका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) बिशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरू र समावेशी वास्रोत कक्षासञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) कोखण्ड (क) र (ग) बमोजिमका सदस्यहरू मध्येबाट छनोट भएको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठसदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) सम्बन्धित विद्यालय निरीक्षण गर्न तोकिएको शाखा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्नुपर्नेछ ।

(७) विद्यमान ब्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तिमा एक महिना अगावै नयाँ ब्यवस्थापन समितिको गठन बहालवाल विद्यमान ब्यवस्थापन समितिले गर्नु पर्ने छ । यसो हुन नसकेमा वा व्यवस्थापन समितिको गठन विवादित भएमा वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगर शिक्षा समीतिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

(८) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नकालागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एकविद्यालय व्यवस्थापन समिति रहनेछ ः

(क) विद्यालयका संस्थापक वा लगानिकर्ताहरू मध्येवाट विद्यालयले सिफारिस गरेका व्यक्तिमध्येबाट नगर शिक्षा अधिकारीको सिफारिसमा नगर प्रमुखले मनोनित गरेको व्यक्ति – अध्यक्ष

(ख) सम्बन्धित वडाको वडाअध्यक्षले तोकेको वडा सदस्य एक जना – सदस्य

(ग) अभिभावकहरू मध्येबाट एक जना महिला समेतपर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुई जना – सदस्य

(घ) सम्बन्धित क्षेत्र हेर्ने शिक्षा प्रशासन महाशाखाको शाखा अधिकृत – सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक – सदस्य

(च) विद्यालयको प्रधानाध्यापक – सदस्य सचिव

(९) उपदफा (१ ) र (३) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(१०) राजीनामा स्वीकृत गर्ने ः व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(११) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ः (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) विद्यालयको सञ्चालनका लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल अचल सम्पत्तिको लागत राख्ने राख्न लगाउने,

(ग) विद्यालयको शैक्षिक,भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराइ राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समिति तथा शैक्षिक प्रशासन महाशाखामा दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) महानगरपालिकाले तोकेको लेखा परीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(छ) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारवाही गर्ने र त्यसको प्रतिवेदन शैक्षिक प्रशासन महाशाखामा पेश गर्ने,

(ज) नगर शिक्षा समिति र शैक्षिक प्रशासन महाशाखाले दिएको आदेश तथा निर्देशनहरू पालना गर्ने,

(झ) आफैँले नियुक्ति वा बढुवा गरेका शिक्षक र विद्यालय कर्मचारीहरूको लागि तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ञ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक सङ्घ गठन गर्ने ,

(१२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ .।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(१३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम,कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयका चल अचल सम्पतिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार, प्रदेश सरकार तथा महानगरपालिकाले लागु गरेका पाठ्यक्रम, पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा नगर शिक्षा समितिको स्वीकृति लिने,

(च) आयोगबाट अध्यापन अनुमति पत्र लिई प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उमेद्वार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्त गर्ने,

(छ) अस्थायी रुपमा नियुक्त शिक्षकलाई निश्चत अवधि तोकी स्थायी हुने अवसर प्रदान गर्ने,

(ज) नेपाल सरकारले तोकेको तलब स्केलमा नघटाइ शिक्षकलाई तलब दिने,

(झ) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(ञ) महानगरपालिकाले दिएका निर्देशनहरूको पालना गर्ने ,

(१५) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१७. विद्यालयको व्यवस्थापन समिति विघटन गर्न सकिने** ः (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिदेहायका अवस्थामा नगर शिक्षा समितिले विघटन गर्न सक्नेछ –

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानून तथा नेपाल सरकार, प्रदेश सरकार तथा नगर पालिकाको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) यो ऐन र यसको नियमावलीको विपरित कार्य गरेमा,

(ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा,

(च) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा

तर त्यसरी व्यवस्थापन समिति विघटन गर्नु पूर्व सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(२) उपदफा (१ ) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म दफा १६ को उपदफा (७) बमोजिम हुनेछ ।

**१८. विद्यालयको विनियम** ः (१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, संञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराइ लागु गर्नुपर्नेछ ।

(२) अभिभावक सभाले विनियम आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्ने व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र विद्यालयले शैक्षिक प्रशासन महाशाखा र सम्बन्धित वडा कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुनेछ र सो सरोकारवाला जो कोहीले हेर्न पाउनेछ ।

**१९. महानगरपालिकाले निर्देशन दिन सक्ने** (१) महानगरपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(२) उपदफा (१) बमोजिमको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति, वडा शिक्षा समिति र प्रत्येक विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२०.नगर शिक्षा कोष** ः (१) विराटनगर महानगरपालिकामा एउटा नगर शिक्षा कोष स्थापना हुनेछ जसमा देहायका रकमहरू रहनेछन् ः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) शिक्षा करबाट उठेको रकम,

(घ) चन्दाबाट उठेको रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

**२१. विद्यालय सार्ने, गाभ्ने, नाम परिवर्तन गर्ने वा बन्द गर्ने** ः नगर शिक्षा समितिले नगर शिक्षा अधिकारीको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतको राय लिई तोकिएको मापदण्डको आधारमा सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालय कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**२२. विद्यालयको सम्पति** ः (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको जग्गा र अन्य सम्पति सार्वजनिक सम्पति मानिनेछ । सामुदायिक विद्यालयको सम्पतिको प्रमुख संरक्षक महानगरपालिका हुनेछ ।

(२) महानगरपालिकाले विद्यालयको शैक्षिक गतिविधिलाइ आवश्यक पर्ने बाहेकको अन्य सम्पति विद्यालयको समेत हित प्रवर्धन हुने गरी बहुप्रयोगमा ल्याउन सक्नेछ ।

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ ।

(४) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पतिको व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(६) विद्यालयको सम्पतिको अभिलेख संरक्षण र प्रयोग तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

**२३.विद्यालयलाई छुट र सुविधा** ः प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन ।

**२४. विद्यालयको वर्गीकरण** ः विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**२५. विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्रको रुपमा कायम गर्नु पर्ने** ः विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन अध्यापन गर्ने वातावरण सिर्जना गर्ने तथा विद्यालय हाताभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप र दलगत गतिविधि हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्तिपूर्ण क्षेत्र कायम गर्नुपर्नेछ ।

**२६. शुल्क सम्बन्धी व्यवस्था** ः (१) नेपाल सरकार वा महानगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निशुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार वा महानगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२७. शिक्षक महासङ्घ, सामुदायिक विद्यालय अभिभावक महासङ्घ, शिक्षक तथा कर्मचारीको पदीय आचरण र अन्य व्यवस्था** ः (१) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न महानगरपालिकामा एक शिक्षक महासङ्घ रहनेछ ।

(२) शिक्षक महासङ्घको गठन तोकिए बमोजिम हुनेछ ।

(३) सामुदायिक विद्यालयको गुणस्तर उन्नयन तथा विद्यार्थीको हक हितको सम्बन्धमा कार्य गर्न महानगरपालिकामा एक महानगरपालिकास्तरीय सामुदायिक विद्यालय अभिभावक महासङ्घको व्यवस्था गरिनेछ ।

(४) महानगरपालिकास्तरीय सामुदायिक विद्यालय अभिभावक महासंङघको गठन तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाउन सकिने छ ः

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६

(क) पदीय दायित्व पूरा नगरेमा वा पेशागत सङंघ संस्था वाहेक अन्य कुनै सङंघ संस्थाको प्रमुख पदमा मनोनित वा निर्वाचित भएमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा कामगरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप सञ्चालन गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

(छ) उपदफा (५) खण्ड (च) को प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

**२८. स्थायी आवासीय अनुमति लिन नहुने** ः सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हँुदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको भए वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि निवेदन दिएको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**२९. शैक्षिक योग्यता** ः विद्यालय शिक्षक तथा कर्मचारीको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३०. शिक्षकलाई अन्य काममा लगाउन नहुने** ः (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धि काममा बाहेक अन्यकाममा लगाउन पाइने छैन ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(२) उपदफा (१) मा जुनसुकैकुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्नेगरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र महानगरपालिकाले शिक्षा प्रशासन सम्वन्धि अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३१. तलव भत्ता नपाउने र सेवा अवधी गणना नहुने** ः नियमानुसार बिदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३२. बालबालिकालाई निष्काशन गर्न, शारीरिक र मानसिक दुव्र्यवहार गर्न नहुने** ः (१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

(३) विद्यालय हाताभित्र कुनै पनि वालवालिकालाई भेदभाव, दुव्र्यवहार, शोषण, लैङ्गिक हिंसा, शारीरीक वा मानसिक दण्ड सजाय र हेपाइ  लागयतका कार्य गर्न पाइने छैन ।

**३३. शिक्षक नियुक्ति तथा बढुवा** ः (१) सामुदायिक विद्यालयमा सङंघीय सरकार वा महानगरपालिकाबाट स्वीकृत दरवन्दीमा शिक्षकको स्थायी नियुक्ति र बढुवा तोकिए बमोजिम हुनेछ ।

(२) सामुदायिक विद्यालयमा रिक्त स्वीकृत दरवन्दी ,राहत अनुदान र शिक्षण अनुदानमा अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि माग भइ आएमा अस्थायी करार शिक्षक र कर्मचारी नियुक्तिका लागि देहायबमोजिमको समिति रहेनेछ ।

क. नगर शिक्षा अधिकारी ……………………संयोजक

ख. विषय विज्ञ ३ जना……………………… सदस्य

ग. शिक्षा प्रशासनको शाखा अधिकृत ……सदस्य सचिव

विराटनगर महानगरपालिका, शिक्षा सेन, २००६

(३) उपदफा (२) खण्ड ख को प्रयोजनको लागि शैक्षिक प्रशासन महाशाखाले समय समयमा दरखास्त आहवान गरी विषयविज्ञहरूको व्याक्तिगत विवरण सहितको विज्ञ सूची अद्यावधिक गरी राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कुनै विषयको विज्ञ सुचीकृत हुन नसकेको अवस्थामा समितिले अन्यत्रबाट विज्ञ आमन्त्रण गरी तोक्न सक्नेछ ।

(५) अस्थायी करार शिक्षक तथा कर्मचारी नियुक्ति समितिको सचिवालय महानगरमा रहनेछ ।

(६) शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए उपदफा (२) को समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(७) समितिको बैठक सम्वन्धी कार्यविधि  सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(८) विद्यालयमा स्वीकृत दरवन्दिमा तत्काल करारमा शिक्षक र कर्मचारी नियुक्ति गर्नु पर्ने भएमा समितिले शैक्षिक प्रशासन महाशाखा मार्फत आयोगबाट करारमा शिक्षक नियुक्क्तिका लागि प्रकाशित भएको सूचीमा रहेकाबाट निवेदक माग गर्नु पर्नेछ ।

(९) उपदफ (८) बमाजिम सूचना प्रकाशित गरि सूचीमा रहेका आवेदकहरूमध्ये माथिल्लो योग्यताक्रमका उम्मेदवारलाई समितिले बढिमा एक शैक्षिक सत्रका लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(१०) उपदफा (८) बमोजिम निवेदन माग गरिएकोमा शिक्षक सेवा आयोगबाट प्रकाशित सूचीमा रहेका कुनै उम्मेदवारले करार शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा समितिले शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम बमोजिम लिखित तथा अन्तरबार्ताको प्रक्रियाबाट बढिमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

(११) विद्यालयमा करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि स्थायी पद पूर्ति नभएमा  स्थायी पदपूर्ति नभएसम्मका लागि एक पटकमा एक वर्षमा नबढाई विद्यालय व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्नेछ ।

(१२) सामुदायिक विद्यालयमा सरकारी स्रोत ,विद्यालयको आन्तरि स्रोत वा गैर सरकारी संघ संस्थाको स्रोतमा निर्देशक, प्रशिक्षक, संयोजक ,निजी शिक्षक ,कर्मचारी आदि नियुक्ति गर्न पाइने छैन ।

तर विषयगत र विद्यार्थी संख्याको आधारमा शिक्षक र कर्मचारी कमी भएका विद्यालयले नगर शिक्षा समितिको पूर्व स्वीकृति लिइ निजि शिक्षक नियुक्त गर्न सक्नेछ ।

(१३) उपदफा (१२) को व्यवस्था विपरित निजी स्रोतमा कुनै पनि पद सिर्जना गरि नियुक्ति गरेको पाइएमा त्यसरी नियुक्ति पाउनेलाई खुवाएको तलव भत्ता नियुक्ति दिने अधिकारीबाट असुल उपर गरिने छ ।

**३४. शिक्षकको सरुवा** ः ( १) महानगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा दरवन्दीमा कार्यरत सरुवा हुन आवेदन दिने शिक्षकलाई कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुन चाहेको विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी तोकिएको अधिकारीले तोकिए बमोजिमको प्रकृया अपनाइ रिक्त दरबन्दीमा सरुवा गर्न सक्नेछ ।

(२) अन्य स्थानीय तहबाट सरुवा भई आउन वा यस महानगरपालिकाबाट सरुवा भई जान आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई महानगरपालिका भित्र कार्यरत विद्यालयको व्यवस्थापन समितिको सहमतिमा कक्षा सञ्चालनमा बाधा नपर्ने र विषय मिल्ने गरी तोकिएको अधिकारीले तोकिए बमोजिमको प्रकृया अपनाइ सहमति दिन सक्नेछ ।

(३) उपदफा (१) मा जेसुकै लेखिए तापनि देहायका अबस्थामा दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी नगर शिक्षा समितिले महानगरपालिकाको क्षेत्र भरी सरुवा गर्न सक्ने छ ः

(क) कुनै शिक्षक उपर सिकाइमा बारम्बार लापरबाही गरेको, कक्षामा नियमितता नभएको र आचरण सम्विन्धी गुनासो आएमा र अनुगमनबाट सो को पुष्टि भएमा,

विराटनगर महानगरपालिका, शिक्षा नि. २०७६

(ख) शैक्षिक प्रशासन महाशाखाबाट गरेको निरीक्षण, अनुगमनका आधारमा कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर नगर शिक्षा समितिले गरेमा ,

(ग) प्रध्यानाध्यापकको जिम्वेवारीमा रहेर तोकिएका जिम्मेवारी निबार्ह गर्न नसकेका कारण विद्यालयको अवस्था बर्षेनी कमजोरी भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा र सोलाई पुष्टिगर्ने प्रमाण पनि अनुगमन, निरीक्षणमा समेत पाइएमा,

(४ं) उपदफा (१) (२) र (३) मा उल्लेख भए बाहेक अन्य विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा कारण खुलाई आवश्यकता र औचित्यका अधारमा नगर शिक्षा समितीले सरुवा गर्न बाधा पर्ने छैन ।

(५) प्रधानाध्यापकले विद्यालयमा सरुवा भइ आएका शिक्षकलाई हाजिर गराइ जिम्मेवारी दिनु पर्नेछ ।

(६) नगर शिक्षा समितिले गरेको सरुवा कार्यन्वयन गर्नु गराउनु सम्बन्धित वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र सम्बन्धित शिक्षकको दायित्व हुनेछ । सरुवा गरेको शिक्षकलाई २१ दिन भित्र रमाना नदिने वा हाजिर नगराउने विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई विभागीय कारवाही हुनेछ । पटक पटक अटेर गरेमा विद्यालयको हकमा अनुदान रोक्का राख्न सकिने छ । शिक्षकले सरुवा आदेशको पटक पटक उल्लङ्घन गरेमा निजको तलब भत्ता र अन्य सुविधा रोक्का राख्न सकिने छ ।

(७) महानगरपालिकाको सिफारीस वा स्वीकृती विना महानगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा कुनै शिक्षक सरुवा भइ आउन सक्नेछैन ।

**३५. दरबन्दी मिलान** ः (१) तोकिएको मापदण्डको आधारमा विद्यार्थी सङ्ख्या र विषय मिलान हुने भन्दा बढी दरबन्दी भएको विद्यालयहरूबाट कम दरबन्दी भएको विद्यालयहरूमा दरवन्दी सार्न वा शिक्षक सहितको दरबन्दी मिलान गर्न नगर शिक्षा अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले सक्नेछ ।

विराटनगर महानगरपालिका शिक्षा ऐन, २०७६

**३६. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने** ः नियमानुसार विदा स्वीकृत गराई वसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलव भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना हुने छैन।

**३७. अध्यापन अनुमति पत्र लिनुपर्ने** ः आयोगबाट अध्यापन अनुमति पत्र नलिई कसैले पनि विद्यालयमा शिक्षण गर्न पाउने छैन ।

**३८. विद्यालय कोष** ः (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायका रकमहरू रहनेछन् ः

(क) नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान,

(ख) जिल्ला समन्वय समितिबाट प्राप्त अनुदान,

(ग) नगर शिक्षा कोषबाट प्राप्त अनुदान,

(घ) शुल्कबाट प्राप्त अनुदान,

(ङ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान,

(च) अन्य स्रोतबाट प्राप्त अनुदान,

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**३९. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विद्यार्थी आवास गृह, व्रिज कोर्ष कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुने** ः (१) कानूनमा अन्य व्यवस्था भए बाहेक कसैले पनि महानगरपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, विद्यार्थी आवास गृह, शिक्षक तालिम केन्द्र, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा, ट्युसन वा कोचिङ्ग सेन्टर,सञ्चालन गर्न पाइने छैन ।

(२) उपदफा (१) बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालनको अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. कर्मचारी सम्बन्धी व्यवस्था** ः (१) सामुदायिक विद्यालयमा तोकिए बमोजिमको संख्यामा कर्मचारी रहनेछन् ।

(२.) उपदफा १ बमोजिमका कर्मचारी नियुक्ति, सेवाको शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४१. प्रारम्भिक बालविकास शिक्षा** ः (१) प्रारम्भिक बालविकास शिक्षाको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ ।

(२) महानगरपालिकाले प्रारम्भिक बालविकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**४२. अनौपचारिक शिक्षा** ः महानगरपालिकाले स्थानीय आवश्यकताको आधारमा अनौपचारिक शिक्षा, विशेष शिक्षा, निरन्तर सिकाइ, दूर शिक्षा तथा समावेशी शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ ।

**४३. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने** ः महानगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, आयआर्जन तथा सीपमूलक कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**४४. संस्थागत विद्यालयको नाम, स्थान परिवर्तन र छात्रवृत्ति .**ं (१) संस्थागतविद्यालयको नाम र स्थान परिवर्तन गर्ने सम्बन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(२.) संस्थागत विद्यालयले विद्यालयमा भर्नाभएका कुल विद्यार्थीसंख्याको कम्तिमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ .।

(३) उपदफा (२) बमोजिमको दश प्रतिशत छात्रवृत्ति कोटामा महानगरपालिकाले जेहन्दार, विपन्न, अपाङ्ग, महिला, मुस्लिम , पिछडा बर्ग, दलित ,अल्प संख्यक ,आदिबासी जनजाति र शहिद परिवारका विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिका लागि सिफारिस गरी पठाउन सक्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्ने आधार, शर्त र प्रकृया तोकिए बमोजिम हुनेछ ।

**४५. प्रगति विवरण बुझाउनु पर्ने** ः संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण महानगरपालिकामा बुझाउनु पर्नेछ ।

**४६. दण्ड र सजाय** ः (१) कसैले विद्यालयको सम्पति हिनामिना गरेमा वा नोक्सान गरेमा महानगगरपालिकाले भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाहीका लागि प्रक्रिया अगडि बढाउन सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पु¥याएमा त्यस्तो व्यक्तिलाई कानुन बमोजिम सजाय लागि महानगरपालिकाले सम्बन्धीत निकायमा प्रक्रिया अगडि बढाउन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनियता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति वेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अरु कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, व्रिज कोर्ष, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३ ) उपदफा (२) मा उल्लिखित कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम तोकिएको विभागीय सजाय पनि हुनेछ ।

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७८

**४७. अदालतको आदेशबाट पुनर्बहाली हुन सक्ने** ः विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनर्बहाली हुन सक्नेछ ।

**४८. मुद्दा हेर्ने अधिकारीः** (१) दफा ४४ बमोजिम सजाय हुने कसुर सम्बन्धी मुद्दामा कारवाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ । तर यस विषयमा अन्य प्रचलित कानूनमा छुट्टै व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ र सो विषयमा छुट्टै कानून नभएमा यसै बमोजिम हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दामा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**४९. दरबन्दी सिर्जना गर्न सक्नेः** नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी नभएका र दरबन्दी अपुग भएका विद्यालयका लागि महानगरपालिकाले आवश्यकता अनुसार निश्चित समयका लागि महानगरपालिकाको अनुदानबाट तलवभत्ता खाने गरी करार शिक्षक तथा कर्मचारी पद सिर्जना गर्न सक्नेछ ।

**५०. नियम बनाउने अधिकार** ः यस ऐनको कार्यान्वयन गर्न यस ऐन बमोजिम महानगरकार्यपालिकाले देहायका विषय तथा आवश्यक अन्य विषयमा नियमावली बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरू,

(ख) विद्यालयको छात्रवृत्ति,

(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षासंचालन र व्यवस्थापन,

(ङ) विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण तथा मूल्याङ्कन,

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान,

(छ) विद्यालय नक्साङ्कन र समायोजन,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७६

(ज) विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग,

(झ) माध्यमिक तहको कक्षाएघार र बाह्रमा शिक्षक व्यवस्थापन,

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन,

(ट) बिद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम,

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा,

(ड) विद्यालयको नामाकरण,

(ढ) विद्यालयमा छात्रवास संचालन सम्वन्धि व्यवस्था,

(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भसामग्री ,

(त)  विशेष तथा समावेशी शिक्षा,

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा,

(द) दूर तथा खुला शिक्षा,

(ध) नगर शिक्षा कोष,

(न) विद्यालयको कोष,

(प) विद्यालयको पुस्तकालय र वाचनालय,

(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ताविद्यालय बाहिर हुने अध्यापन सेवा,

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता,

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम,

(य) प्रधानाध्यापक नियुक्तिको लागिआवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा,

(र) विद्यालयको झण्डा, चिन्हर प्रार्थना,

(ल) विद्यालयको परीक्षा,

(व) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन सम्वन्धि व्यवस्था,

विराटनगर महानगरपालिका, शिक्षा ऐन, २०७८

(श) अभिभावक शिक्षा,

(ष) विद्यालय कर्मचारी व्यवस्थापन,

(स) विद्यालय निरीक्षण अनुगमन ।

**५१. निर्देशिका तथा कार्यविधि बनाउन सक्ने** ः यस ऐनको कार्यान्वयनका लागि दफा १० बमोजिमको नगर शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई महानगर भित्र लागु गर्न सक्नेछ।

**५२. बाधा अड्काउ हटाउने अधिकार** ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा महानगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५३. बचाउ र लागु नहुने** ः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमोजिम हुनेछ । यस अघि विराटनगर महानगरपालिकाको शिक्षा कार्यविधि २०७४ बमोजिम भएका यस ऐनसँग सम्बन्धित कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन।

(३) यस ऐनका कुनै दफा तथा उपदफाहरू संविधान, संङघीय तथा प्रदेश कानूनसंग बाझिएको हकमा बाझिएका दफाहरू स्वतः निष्क्रिय हुनेछन् ।